# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ४५ | काठमाडौं | बुधबार, २४ जेठ २०८० | Prabhab National Daily | Wednesday, June 7, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# संसद्मा ओलीको एकल प्रस्तुति

## सभामुखको भूमिकामाथि प्रश्न



- मंगलबार सदनमा दुई घण्टा लगातार बोलेका ओलीले सोमबार एक घण्टा सरकारको विरोधमा खर्चिए
- प्रधानमन्त्री दाहालले सोमबार बोल्दाबोल्दै सभामुख घिमिरेले टेकओभर गरेर एमाले सांसदलाई बोल्न दिनुलाई कतिपयले सही मानेका छैनन्
- अझ मंगलबार सदनमा सांसद नै निदाउने गरी ओली बोल्दा सभामुख घिमिरेको भूमिकामाथि प्रश्न उठ्न थालेको छ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले एकल प्रस्तुति दिएका छन् । मंगलबार सवा चार घण्टा चलेको संसद्मा दुई घण्टा ओलीले नै आफ्नो प्रस्तुति दिए । सदनमा पूर्वप्रधानमन्त्रीहरूलाई समय सीमा नतोकिए पनि यति धेरै समय प्रस्तुति दिने सायद ओली नै होलान् ।

सरकारमाथि कटु आलोचना गरेर रोस्ट्रमबाट बेञ्चमा फर्कदा ओली मक्ख देखिएका थिए । गमक्क देखिएका उनलाई विष्णु पौडेल र सुवास नेम्वाङले प्रशंसा गरेको देखिन्थ्यो । यसले ओली झनै खुसी देखिन्थे । सभामुख देवराज घिमिरेले ओलीलाई २ बजेर ४९ बाट बोल्न दिएकोमा ४ बजेर ४९ मिनेटमामात्र ओली बेञ्च फर्किए ।

सदनमा ओलीको सोलो प्रस्तुतिमाथि कांग्रेस सांसद विमलेन्द्र निधिले व्यंग्य कसे । 'एक घण्टा ५८ मिनेट बोल्नुभएको छ । होमवर्क राम्रै गरी आउनुभएको रहेछ । अर्थमन्त्रीजीले अस्ति बजेट प्रस्तुत गर्दा जति टाइम दिनुभो त्यो जति (हाँस्दै) बोलिसक्नुभयो,' निधिले भने । यतिमात्र हैन ओली बोल्न थालेपछि एमाले सांसदसमेत निदाएको निधिको तर्क थियो ।

'धेरै बेर पर्खिएँ मैले, प्रतिपक्षी दलको बेञ्चतिर हेरें । जबजब समय बित्दै गयो, बित्दै गयो उहाँहरू निदाउन थाल्नुभएको थियो । ताली लगाउन पनि बिर्सिनुभएको थियो । म त सत्ता पक्षकै भएँ । म त केही पनि बुझ्न सकिनँ,' निधिले थप भने ।

**के भने ओलीले ?**

सदनमा ओलीले अर्थमन्त्री डा. प्रकाशशरण महतमाथि करको दर हेरफेर गरेको प्रकरणमा संलग्नता रहेकोबारे कटाक्ष गरे । 'अर्थमन्त्रीज्यू यहाँको कति हात छ ? तपाईं मातहत को कति ?,' उनले प्रश्न गरे । ओलीले आफू नेतृत्वको सरकारले २०७५ मै को- को व्यक्ति बजेट बनाउँदा बस्न पाइन्छ भनेर मापदण्ड बनाएको उल्लेख गर्दै पूर्वनायब सुब्बा रामकृष्ण श्रेष्ठलाई नियुक्ति दिनुको कारण पनि मागे ।

'फागुनमा किन नियुक्ति गरेको ? बजेट बनाउन गरेको,' ओलीको प्रश्न थियो । (बाँकी पृष्ठ ६ मा)

### नक्कली शरणार्थी प्रकरण

# होला 'हाइप्रोफाइल'को बयान ?

■ **जेबी योञ्जन**

**काठमाडौं-** बहुचर्चित नक्कली भुटानी शरणार्थी प्रकरणका आरोपितहरूलाई थुनामा राख्ने कि नराख्ने भन्ने आदेशका लागि भइरहेको थुनछेक बहसमा आरोपितहरूले नाम पोलेकाहरूको बयान लिन इलजासमै माग भएको छ । आरोपितहरू सानु भण्डारी, केशव दुलाल र टेकनाथ रिजालले वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल, पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री शेरबहादुर देउवापत्नी डा. आरजु राणा, आरोपी बालकृष्ण खाणपत्नी सांसद मञ्जु खाणको नाम पोलेका छन् ।

उनीहरूले पूर्वगृहमन्त्री तथा एमाले उपाध्यक्ष रामबहादुर थापा, पत्नी तथा सांसद नैनकला थापा, पूर्वगृहसचिव तथा हालका अख्तियार प्रमुख प्रेमकुमार राई, पूर्वराजदूत अञ्जना शाक्यका पति डा. अजयक्रान्ति शाक्य, ओलीका प्रमुख स्वकीय सचिव राजेश बज्राचार्य र बेचैन यादवको नाम पनि लिएका छन् ।

आरोपितहरूले पोलेका यी नेताहरूको बयान लिनुपर्ने अधिवक्ता हरिप्रसाद कँडेलले न्यायाधीश प्रेमप्रसाद न्यौपानेसमक्ष माग गरेका हुन् । उनी जाहेरवालाको तर्फबाट बहसमा आएका वकिल हुन् ।

उनले आरोपितहरूले नाम पोलेकाहरूलाई बयान लिनुपर्ने माग गर्ने क्रममा एउटा नजिरसमेत पेस गरे । जुन नजिर जिल्ला अदालत काठमाडौंमै विचाराधीन उमेश रेग्मीविरुद्ध सौगात सुनुवारको जाहेरीले नेपाल सरकार वादी भएको मुद्दामा स्थापित भएको हो । रेग्मीले ठगीमा आफ्ना भाञ्जा नवराज ढकालको पनि संलग्नता रहेको भन्दै नाम पोलेपछि बयान लिइएको थियो ।



- हाइप्रोफाइलहरूसँग बयान लिन हच्कियो प्रहरी
- पुर्पक्षका लागि थुनामा राख्नुपर्ने सरकारी र जाहेरवालापक्षीय कानुन व्यवसायीहरूको तर्क

यही नजिरअनुसार नक्कली शरणार्थी प्रकरणमा पनि आरोपितहरूले ज-जसको नाम पोले, उनीहरूको बयान लिनु अनिवार्य हुने अधिवक्ता कँडेलको जिकिर छ । यदि, मागअनुसार बयान लिन न्यायाधीश न्यौपानले आदेश दिए प्रधानमन्त्री दाहाल, पूर्वप्रधानमन्त्री ओलीसहित नाम पोलिएका सबैले बयान दिनुपर्ने हुन्छ ।

ओली र दाहाललाई शरणार्थी प्रकरणमा मुछ्ने भुटानी शरणार्थी नेता टेकनाथ रिजाल हुन् । उनले तत्कालीन (२०७६) समयमा प्रधानमन्त्री ओली र वर्तमान प्रधानमन्त्री दाहाललाई शरणार्थीको परिचयपत्रमा भइरहेको बद्मासीबारे जानकारी दिएको बयान दिएका छन् । सोही आधारमा ओली-दाहालसमेत मुछिएका हुन् ।

पूर्वप्रधानमन्त्री देउवापत्नी आरजु, मञ्जु, पूर्वगृहमन्त्री रामबहादुर थापासहितका नाम भने यसअघि नै आरोपितहरूले बयानको क्रममा पोलेका थिए । तर, पर्याप्त प्रमाणको जुटाउन नसकिएको भन्दै उनीहरूको बयान लिन प्रहरीले अस्वीकार गर्‍यो ।

उसो त नाम पोलेकाहरूलाई छिटो बयान लिएर थप अनुसन्धान गर्न सडकबाट चर्को (बाँकी पृष्ठ २ मा)

## थुनामा राख्न जिकिर

**काठमाडौं (प्रस)–** शरणार्थी काण्डमा सरकारी वकिल र जाहेरवाला पक्षको वकिलको बहस सकिएको छ । मंगलबार न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासमा भएको बहसमा सरकारी र जाहेरवाला पक्षका वकिलहरूले पक्राउ परेकाहरूलाई थुनामै राखेर मुद्दाको पुर्पक्ष गर्नुपर्ने राय जिकिर गरे ।

सुरुमा बहस गर्न आएका सहायक जिल्ला न्यायाधिवक्ता सूर्यबहादुर परियारले केशव दुलाल लगायतको समूहले पूर्वगृहमन्त्री बालकृष्ण खाँण, पूर्वसचिव टेकनारायण पाण्डे लगायतलाई रकम दिएको र जुन संगठित अपराध भएको भन्दै उनीहरूलाई थुनामा राखेर थप अनुसन्धान गर्नुपर्ने दलिल पेस गरे ।

धरौटीमा छाडिएको अवस्थामा पीडितहरूमाथि धाकधम्की हुनसक्ने र उनीहरू त्रासमा बस्नुपर्ने स्थिति आउने उनको भनाइ थियो । यस प्रकरणसम्बन्धी प्रमाण पनि नष्ट हुने खतरा हुने उनको तर्क थियो ।

'संगठित अपराधमा पीडितमाथि धाकधम्की हुनसक्छ । शक्तिको दुरूपयोगबाट उनीहरू त्रासमा हुनसक्छन् । यिनीहरूले बयान फेरेका छन् । भोलि जे पनि हुनसक्छ, थुनामा नै राखेर मुद्दाको प्रक्रिया अघि बढाउनुपर्छ।,' सहन्यायाधिवक्ता परियारले भने । अर्को सहायक जिल्ला न्यायाधिवक्ता हिरालाल भा ल न ले (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# पाँच मुलुकसँग श्रम सम्झौताको तयारी अन्तिम चरणमा




■ **मोहनप्रसाद पन्त**

> नेपाल सरकारले श्रम सम्झौताका लागि पठाएको मस्यौदामा नेपाली श्रमिकहरूको पारिश्रमिक, सेवासुविधा, सुरक्षा, मानवधिकारलगायतका विषय समेटिएको मन्त्रालयका उपसचिव एवं सहप्रवक्ता कविराज उप्रेतीले बताए ।

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीका लागि विभिन्न पाँच गन्तव्य मुलुकसँग श्रम सम्झौताको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र पारदर्शी बनाउने उद्देश्यका साथ मन्त्रालयले जर्मनी, रोमानिया, ओमान, कुवेत र साउदी अरबसँग गर्न लागेको श्रम सम्झौता अन्तिम चरणमा पुगेको जनाएको हो ।

केही दिनअघि मन्त्रालयमा आयोजित एक कार्यक्रममा सचिव एकनारायण अर्यालले गन्तव्य मुलुकसँग श्रम सम्झौता गर्न तयार पारिएको मस्यौदा आदानप्रदान भई हस्ताक्षरको अन्तिम चरणमा रहेको बताएका थिए । उनका अनुसार यसअघि नै हुनुपर्ने श्रम सम्झौता केही कारणवस ढिलाइ हुन गए पनि अब सम्पन्न हुने चरणमा पुगेको छ ।

नेपाल सरकारले श्रम सम्झौताका लागि पठाएको मस्यौदामा नेपाली श्रमिकहरूको पारिश्रमिक, सेवासुविधा, सुरक्षा, मानवधिकारलगायतका विषय समेटिएको मन्त्रालयका उपसचिव एवं सहप्रवक्ता कविराज उप्रेतीले बताए । 'मस्यौदामा नेपाली श्रमिकको भर्ना शुल्क रोजगारदाताले बेहोर्ने र अन्तर ाष्ट्रिय मापदण्डअनुसार उनीहरूको हकअधिकार तथा सेवासुविधा उपलब्ध गराउनुपर्ने विषय समेटिएको छ,' उनले भने, 'कतिपय गन्तव्य मुलुकहरूले पहिलोपटक सम्झौता गर्ने भएकाले आधारभूत सेवासुविधामा केन्द्रित हुने र बाँकी कुरा विस्तारै सम्झौता गर्दै जाने बताएका छन् ।'

श्रम सम्झौताका लागि तयारी भइरहेको युरोपेली मुलुक जर्मनी र रोमानियाले दक्ष र अदक्ष दुवै किसिमका श्रमिक लैजान चाहेको मन्त्रालयले जनाएको छ । त्यस्तै १० वर्षदेखिको छलफल र प्रयासबाट साउदीसँग भर्खरै सम्झौता गर्ने सहमति भएको छ । यद्यपि, श्रमिक भर्ना शुल्क रोजगारदाताले व्यहोर्नेसम्बन्धमा अझै सकारात्मक नभएको बुझिएको छ । श्रम सम्झौताका लागि कूटनीतिक पहलसमेत आवश्यक हुँदा कतिपय मुलुकसँग प्रक्रियागत ढिलाइ हुने र कतिपय मुलुकसँग आवश्यक समन्वय र छलफल भइरहेको मन्त्रालयले जनाएको छ ।

हालसम्म सरकारले वैदेशिक रोजगारीका लागि संस्थागत (म्यानपावर)मार्फत १११ वटा मुलुकमा जान पाइने व्यवस्था गरेको छ भने थप ६७ मुलुक खुला गर्ने जनाएको छ । नेपाल सरकारले अहिलेसम्म वेलायत, मलेसिया, कतार, दक्षिण कोरिया, युएई, जापान, इजरायल, बहराइन र मरिसस गरी १० मुलुकसँग श्रम सम्झौता गरेको छ । जसमा बेलायत, जापान, दक्षिण कोरिया र इजरायलमा सरकार आफैंले श्रमिक पठाउने गरी सम्झौता गरेको छ ।

## भारत हुँदै तेस्रो मुलुक जान 'एनओसी' अनिवार्य

**काठमाडौं (प्रस)–** सरकारले भारत हुँदै तेस्रो मुलुकको यात्रा गर्ने नेपाली नागरिकलाई अनिवार्य 'नो अब्जेक्सन सर्टिफिकेट (एनओसी)' लिनुपर्ने व्यवस्था गरेको छ । विशेषगरी वैदेशिक रोजगारीमा जाने नेपालीहरूले भारतीय अध्यागमन पार गर्न भारतस्थित नेपाली दूतावासबाट एनओसी लिनुपर्ने व्यवस्था गरेको हो ।

नेपाली दूतावासले एक सूचना जारी गर्दै वैदेशिक रोजगारीका लागि भारत हुँदै साउदी अरब, कतार, कुवेत, ओमान, युएई, बहराइन, इराक, लिबिया र लेबनान गरी नौ वटा मुलुकमा जाने नेपालीले एनओसी लिनुपर्ने जनाएको छ । दूतावासले ती देशमा यात्रा गर्नुपर्ने मनासिव कारण र औचित्य पुष्टि भएमा एनओसी जारी गर्ने उल्लेख गरेको छ ।

एनओसी लिनका लागि भारत हुँदै तेस्रो मुलुक जानुपर्ने मनासिव कारणसहित सम्बन्धित व्यक्तिको हस्ताक्षरसहितको निवेदन, यात्रा गर्ने व्यक्तिको राहदानी र सोको प्रतिलिपि, गन्तव्य देशको भिसा र हवाई टिकटको प्रतिलिपि, वैदेशिक रोजगार विभाग वा अन्तर्गतबाट जारी श्रम स्वीकृतिको प्रतिलिपि बुझाउनुपर्नेछ । त्यस्तै यसअघि भारतबाहेक तेस्रो मुलुक भ्रमण गरेको भएमा यात्रा अभिलेख (भिसा, आगमन, प्रस्थान आदि) को प्रतिलिपि र अध्ययन, व्यवसायको सिलसिलामा भारतमा रहेका नेपाली नागरिकको हकमा सो सम्बन्धित परिचयपत्र वा कागजात पेस गर्नुपर्नेछ भने एक हजार भारतीय रूपैयाँ शुल्क लाग्ने जनाइएको छ ।

दूतावासले नेपालको एयरपोर्टबाट यात्रा गरी भारतमा ट्राञ्जिट भएका र अमेरिका, बेलायत, क्यानडा, अस्ट्रेलिया र युरोपेली मुलुकका भिसा तथा वसोवासका अनुमति लिएका नेपालीहरूलाई भने एनओसी आवश्यक नपर्ने प्रस्ट पारेको छ । गैरकानुनी धन्दामा सक्रिय गिरोहले वैदेशिक रोजगारीमा आकर्षक आम्दानीको प्रलोभन देखाई नेपाली युवालाई भारत हुँदै तेस्रो मुलुकमा पठाउने क्रम बढेको भन्दै यसको नियन्त्रणका लागि एनओसी जारी गर्नुपर्ने अवस्था आएको दूतावासले जनाएको छ । गिरोहले विशेषगरी महिलाहरूलाई घरेलु कामदारको रूपमा उल्लिखित मुलुकमा पठाउन भारतको विमानस्थल प्रयोग गर्ने गरेको विभिन्न अध्ययनले देखाएको छ । त्यस्ता महिलालाई विभिन्न समयमा भारतबाट दूतावासको पहलमा उद्धारसमेत गरिँदै आएको छ ।



## संसद्मा...

पृष्ठ १ बाट जारी

श्रेष्ठलाई अनधिकृतरूपमा प्रवेश गराएर करको दर हेरफेर गरेको भन्दै एमालेलगायत विपक्षी दलले आरोप लगाएका थिए । अर्थमन्त्री महतले भने ओलीभन्दा अघि नै श्रेष्ठको दक्षतामात्रै उपयोग गरेको र निर्णय प्रक्रियामा उनको संलग्नता नरहेको स्पष्टीकरण दिएका थिए ।

श्रेष्ठलाई बजेट निर्णय प्रक्रियामा निरन्तरता दिनु दुःखद भएको ओलीको भनाइ थियो । 'अर्थ मन्त्रालयमा टाइप गर्ने मान्छे छैन ? लोकसेवा आयोगले कम्पिटिसन गरेर लिन्छ । ट्रेनिङ गरेर तीन महिनामा तयार गराउन सकिन्छ,' ओलीको टिप्पणी थियो । यतिमात्र होइन ओलीले अर्थ मन्त्रालय विश्वास गर्नलायक मन्त्रालय नरहेकोसमेत तर्क गरे । महतले प्रस्तुत गरेको बजेटलाई ओलीले 'जिरो नम्बर' दिए । 'सच्याउनूस् बजेट । सरकारले बजेट फेर्‍यो, असफल भयो भन्दैनौं हामी । देश र जनताका लागि सरकार बजेट सच्याउन तयार होस् । हामी साथ दिन्छौं,' ओलीले भने ।

यतिमात्र हैन ओलीले सोमबारको संसद्मा पनि एक घण्टाको समय लिए । प्रधानमन्त्री पुष्पकमल दाहाल रोस्ट्रममा उभिएर भारत भ्रमणबारे प्रस्टीकरण दिइरहँदा अधिकांश समय एमाले सांसदले नै लिए । नागरिकता विधेयक प्रमाणीकरणबारे सरकारको डिफेन्समा उत्रिएका प्रधानमन्त्री दाहाल बोल्दा बोल्दै एमालेले आपत्ति जनाउँदै उभिएपछि सभामुख घिमिरेले कुनै रोकतोक नगरी सीधै एमाले सांसदलाई बोल्न दिए । प्रधानमन्त्री रोस्ट्रममा उभिएर बोल्दै गर्दा एमालेले नियमापत्ति जनाउँदै रोस्ट्रम घेराउमै उत्रिए । त्यसपछि सभामुखले प्रधानमन्त्रीले बोल्ने समय पाएकोले बोल्न दिन रुलिङ गरे । तर, एमाले सांसदहरूले माने पो !

'मेरो पूरै कुरा सुनेपछि खण्डन गरे भाइहाल्छ नि, विरोध गरे भइहाल्छ नि,' प्रधानमन्त्री दाहाल भन्दै थिए । त्यसपछि सत्ता पक्षका नेताहरू पनि एमालेको अवरोधको विरोधमा उत्रिए । त्यसपछि सभामुख घिमिरेले आक्रोश पोखे, 'तपाईंहरू सबै उभिएपछि कसलाई बोल्न दिने, कसको कुरा सुन्ने ?' सांसद रघुजी पन्तलाई घिमिरेले बोल्न दिइहाले । त्यसपछि सत्ता पक्षबाट कांग्रेसका विश्वप्रकाश शर्मा र स्वतन्त्र सांसद अमरेश कुमारलाई बोल्न दिँदा झण्डै आधा घण्टा अवरुद्ध भयो सांसद । प्रधानमन्त्री दाहालले यसरी 'डिबेट' हुने भनेर आफूले सोच्दा पनि नसोचेको भन्दै असन्तुष्टि पोखे ।

यसो त कांग्रेसकै सांसद रामहरि खतिवडाले समेत रामकृष्णलाई कसले नियुक्ति गरेको भनी प्रश्न उठाए । खतिवडाले श्रेष्ठको गत १९ फागुनमै नियुक्ति भएको भन्दै त्यतिबेला अर्थमन्त्री को थियो भनी प्रश्नसमेत गरे ।

सांसद खतिवडाका अनुसार रामकृष्णले दुई वर्ष अगाडि नै अवकाश पाएका थिए । उनले प्रश्न गरे, 'दुई वर्ष अगाडि रिटायर्ड भएका कर्मचारीलाई त्यहाँ नियुक्त गर्नुपर्ने जरुरी के पर्‍यो ?'

### अर्थमन्त्री महतको तर्क आफ्नै

करको दर हेरफेरका लागि बजेट निर्माणमा अनधिकृत व्यक्ति प्रवेश गराएको आरोपबारे अर्थमन्त्री महतले खण्डन गरे । प्रतिनिधिसभामा विपक्षी दलका सांसदहरूले करको दर हेरफेर गरेको आरोप लगाएपछि बजेट निर्माणमा पूर्वनायव सुब्बा श्रेष्ठले सहयोगीको भूमिकामात्रै निभाएको महतले दाबी गरे । 'टाइप गर्न त सहयोगी चाहियो । यो सहयोग गर्ने क्रममा म आउनुभन्दा अगाडि नै रामकृष्ण श्रेष्ठ नियुक्त हुनुभएको छ । उहाँ अनुभवी, दक्ष भनेर रिकगनाइज व्यक्ति भनेर परिचित हो,' अर्थमन्त्री महतले भने ।

महतले मन्त्री भएयता बिचौलियालाई आफूले छेउमा पनि आउन नदिएको दाबी गरे । 'आधिकारिक व्यक्तित्वले निर्णय गरेको करको दर निर्णय प्रक्रियामा बसेका पदाधिकारीको आदेशमा भर्नका लागि वर्षौंदेखि यो काम लगातार गर्दै आउनुभएको छ । म भन्दा अगाडिको अर्थमन्त्रीले पनि आवश्यकता छ भनेर नियुक्त गरियो,' श्रेष्ठको बचाऊ गर्दै महतले भने ।

### सभामुखको भूमिकामाथि प्रश्न

सदनमा ओलीको दबदबालाई लिएर संसद्वृत्तमा सभामुखको भूमिकामाथि प्रश्न गर्न थालिएको छ । सभामुख घिमिरे एमालेबाट निर्वाचित सांसद हुन् । एमाले र माओवादीसहितको गठबन्धनले उनलाई सभामुखमा निर्वाचत गराएको हो । माओवादी सांसद लेखनाथ दाहालले सभामुखको पछिल्लो भूमिका तटस्थ नभई कुनै पार्टीको अमुख कारिन्दाजस्तो देखिएको आरोप लगाएका छन् । 'प्रतिनिधिसभामा सम्माननीय सभामुखको भूमिका तटस्थ नभई अमूक पार्टीको कारिन्दाजस्तो देखिनु र प्रतिनिधिसभा नियमावलीविपरीत सदन सञ्चालन गर्नु खेदजनक छ,' उनले सामाजिक सञ्जालमा भनेका छन् । सभामुख आफू अनुकूल नचल्दा सत्तापक्ष वा प्रतिपक्षले यस्तो आक्षेप लगाउने चलन भने पुरानै हो । यसअघिका सभामुखले पनि सदन सञ्चालनका पटक-पटक आरोप खेपेका थिए ।

Elite Capital

**एलिट मर्चेन्ट क्यापिटल लि.**

का.म.पा.-२, लाजिम्पाट, काठमाडौं

**साधारणसभा सम्बन्धी सूचना**

एलिट मर्चेन्ट क्यापिटल लिमिटेडको प्रथम वार्षिक साधारणसभा मिति २०८० असार १३ गते कम्पनीको रजिष्टर्ड कार्यालय लाजिम्पाट, काठमाडौंमा बिहान ११:०० बजे बस्ने हुनाले शेयरधनीज्यूहरूलाई उपस्थितीको लागि अनुरोध छ । यस सम्बन्धी विस्तृत सूचना र प्रतिवेदन सबै शेयरधनीको घर ठेगानामा पठाइसकिएको व्यहोरा अनुरोध छ ।

**छलफलका विषयहरू :**

**सामान्य प्रस्तावहरू :**

१. आ.व. २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७८/७९ को नाफानोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने ।

३. संचालक समितिमा संस्थापक समुहबाट ३ जना संचालक निर्वाचित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/८० का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. विविध ।

## होला 'हाइप्रोफाइल'...

पृष्ठ १ बाट जारी

दबाब पर्दै गएको छ । पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको दल नेकपा एकीकृत समाजवादी, नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमोर्चा आन्दोलनमा छन् ।

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर राज्यविरुद्ध अपराध गरेको अभियोग आरोपीहरूलाई लागेको छ । ठगी, संगठित अपराध र कीर्ते मुद्दा पनि उनीहरूविरुद्ध छ । तर, पनि नाम पोलिएका ओली, थापा, खाण, राणा, राईलगायतसँग प्रहरीले बयान लिने आँट गरेको छैन ।

हुन त जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले अदालतमा मुद्दाको अभियोजन गर्नुभन्दा तीन दिनअघि नाम पोलिएकाहरूलाई प्रमाण जुटाएर अनुसन्धानको दायरामा ल्याउन र बयान लिन निर्देशन दिएको थियो । निर्देशनअनुसार प्रहरीले पोलिएकाहरूसँग बयान लिएकै छैन ।

यसले प्रहरीमाथि प्रश्न पनि उठ्न थालेको छ । संसद्मै पनि कतिपय सांसदले यसअघि प्रहरीको अनुसन्धानप्रति आशंका व्यक्त गरेका थिए । फेरि, नाम पोलिएकाहरू राज्यशक्तिमा पहुँच राख्नेहरू छन् । जसले गर्दा प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएर बयान लिन नसकेको एकथरीको टिप्पणी छ ।

नेपाल प्रहरीका पूर्वप्रहरी नायव महानिरीक्षक (डिआइजी) हेमन्त मल्ल अनुसन्धानमा नाम पोलिएका सबैलाई तानिनु प्रहरीको दायित्व भएको बताउँछन् । यसमा प्रहरीले आँट गर्नुपर्ने र जुन जनताको चाहना पनि भएको उनले बताए ।

'नाम पोलिनु पनि एउटा प्रमाण हो, अनुसन्धानमा । नियन्त्रणमा लिएर बयान लिनेजस्ता अनुसन्धानका प्रक्रिया अघि बढाउनुपर्छ,' उनले भने, 'जसले प्रकरणबारे थप खुल्दै जान्छ । मुद्दा बलियो हुन्छ ।'

शरणार्थी प्रकरणमा १८ जना पक्राउ परेका छन् । तर, १४ जना अझै फरार छन् । उनीहरूविरुद्ध २७ करोड बढीको ठगी मुद्दा अदालतमा परेको छ । विभिन्न मुद्दामा कैद सजाय माग पनि सरकारी वकिल कार्यालय काठमाडौंले गरेको छ ।

## थुनामा राख्न...

पृष्ठ १ बाट जारी

अनेक कठिनाइ र संघर्षबाट पीडितहरूले रकम जुटाएर आरोपितहरूलाई बुझाएको भन्दै उनले संगठित अपराधको यो भन्दा अर्को ज्वलन्त उदाहरण नहुने दाबी गरे ।

'ठूलाठूला माफियाले समानान्तर सत्ता चलाउन थाले । उनीहरूका कारण सबैलाई सुरक्षा जोखिम भएपछि संगठित अपराधसम्बन्धी कानुन आएको हो । संगठित अपराधले राज्य व्यवस्था नै असफल हुँदो रहेछ भन्ने यसबाट देखियो,' सहायक न्यायाधिवक्ता भोलनले भने, 'आरोपितहरूलाई धरौटीमा छाड्ने दाबी स्वीकार्नुहुन्न ।'

जाहेरवालाको तर्फबाट बहसमा आएका अधिवक्ता सुशीलकुमार सापकोटाले गृहसचिव र गृहमन्त्रीले समेत प्रहरी र अदालतमा बयान फेर्ने काम गरेको भन्दै अपराधमा संलग्न भएको त्यो गतिलो प्रमाण भएको तर्क गरे । 'पूर्वगृहमन्त्रीज्यूले त प्रहरीकै अगाडि चिठी च्यातेर प्रमाण नष्ट गर्नुभयो । उहाँलाई धरौटीमा छाडे पीडित कसरी सुरक्षित होलान् ? उनीहरूले कसरी न्याय पाउलान् ? फेरि चिठी च्यात्नेदेखि बयान पनि फर्ने काम भएको छ,' उनले पूर्वगृहमन्त्री खाणप्रति लक्षित गर्दै भने, 'यस्तै मुद्दामा एउटा सामान्य नागरिक प्रतिवादी भएको भए ऊमाथि कसरी सम्बोधन हुन्थ्यो, विचार गरियोस् ।'

अधिवक्ता स्वागत नेपालले ठूला नेताहरूप्रति सरकार र प्रहरीले सदाशयता देखाएको भन्दै असन्तुष्टि व्यक्त गरे । वरिष्ठ अधिवक्ता ध्रुवलाल श्रेष्ठ, अधिवक्ताहरू हरिप्रसाद कट्टेल र राधिका चौलागाईले पनि बहस गरेका थिए ।

आजदेखि भने आरोपी (विपक्षी)हरूका कानुन व्यवसायीले बहस गर्ने छन् । बहसका लागि कानु व्यवसायीहरूको ठूलो जमात छ । न्यायाधीश न्यौपानेले आज बिहान ११ बजेपछि बहसको समय तोकेका छन् ।

**ककनी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**रानीपौवा, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

**सूचना ! सूचना !! सूचना !!!**

**प्रकाशित मिति २०८०/०२/२४ गते**

उपरोक्त सम्बन्धमा भू-उपयोग ऐन २०७६ र भू-उपयोग नियमावली २०७९ अनुसार ककनी गाउँपालिकाको स्थानीय भू-उपयोग परिषद्को मिति २०८०/०२/०५ गतेको निर्णयानुसार जग्गाको वर्गीकरणलाई स्वीकृति भई सम्बन्धित निकायमा उपलब्ध गराइएकोले जग्गा वर्गीकरण वमोजिम जग्गाको कित्ताकाट हुने व्यहोरा सरोकारवाला सबैमा जानकारी गराइन्छ ।

**कम्पनी खारेज सम्बन्धी लिक्वीडेटरको सार्वजनिक सूचना**

**प्रथमपटक प्रकाशित मितिः २०८०/०२/२४**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७६।०९।१५ मा दर्ता भएको प्रा.लि.नं. २३१५६७ को **दोलालघाट सुनकोशी बिच होटल एण्ड रिसोर्ट प्रा.लि.**को मिति २०८०।०२।२१मा बसेको बिशेष साधारण सभाले स्वैच्छिक रूपमा कम्पनी खारेजी (लिक्वीडेसन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही,कसैको कुनै बाँकी बक्यौता, ऋण दायित्व वा लेनदेन बाँकी भएमा वा खारेज नगर्नुपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा प्रतिनिधि मार्फत हक दाबी गर्न तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन सुचित गरिन्छ । अन्यथा कम्पनी ऐन २०६३ मा व्यवस्था भए बमोजिम बाँकी दायित्व भुक्तान गरि बाँकी जायजेथा शेयरधनीहरूलाई बाँडिनेछ । तोकिएको म्याद भित्र दाबी नगरिएमा पछि कुनै दाबी नलाग्ने ब्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय**
**अधिबक्ता पूर्ण प्रसाद पराजुली**
**दामासाही व्यावसायी इजाजत नं. ३८३**
**का.म.न.पा. वडा नं. २९ अनामनगर, काठमाण्डौ**
**मोवाईल नं. ९८५१०२६३३२**

**बिमालेख हरायो**

मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा नेपाल लाइफको कार्यालयमा बुझाइदिनुहोला ।

नाम : अंश रोका
बिमालेख नं.: १०१०७८४९२
ठेगाना : ललितपुर
मोबाइल नं. : ९८५१०५०४८६

**बिमालेख हरायो**

मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा नेपाल लाइफको कार्यालयमा बुझाइदिनुहोला ।

नाम : साबित्री खनाल
बिमालेख नं.: १०९००८७७२
ठेगाना : नुवाकोट
मोबाइल नं. : ९८४१६८३८३७

**Notice for removal of the Managing Director**

This announcement has been made public to let everyone know that **Dev Raj Karki** (Citizenship No.20070/24297), the Managing Director of this Al Sama company, has resigned from his post for personal reasons. Everyone who is associated with the company has been suggested not get involved in any company-related or financial transactions with Mr. Karki on behalf of this Pvt. Ltd.

**Al Sama International Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ८६६/०६६/०६७
LALITPUR -07 GARWKO LALITPUR, Nepal.Phone : +977-1-5204072, Fax : +977-1-5204072
Email : allsamaoffice2010@gmail.com, Website : www.alsamainternational.com

**चुलाचुली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेश, इलाम, नेपाल**

**चुलाचुली गाउँपालिकाद्वारा जनहितमा जारी जानकारीमूलक सन्देश**

• जथाभावी ढुंगा गिट्टी, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं । • बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं । विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं । • खानेपानीका मुहानहरु सदैव सफा राखौं । जथाभावी फोहोर नफालौं । • शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ । • चर्पीमा मात्र दिसापिसाव गरौं । • सफासँग हात धोएर खाना खाने गरौं । • झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं । घरपालुवा चौपायाहरु छाडा नछाडौ तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं । • सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं । विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं । • जेष्ठ नागरीकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं । • व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं । • समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं । • यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं । • गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं । • राष्ट्रिय सम्पदा तथा धरोहरहरुको जर्गेना गरौं । कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं । • घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं । • गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं ।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
२. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी / उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछि नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने । स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ति अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

**युएईमा वैदेशिक रोजगारको अवसर** FREE RECRUITMENT

कम्पनी : Spark security services sole proprietorship llc

पूर्व स्वीकृति मिति २०७८/०६/२५ LT. No. 248136 चलानी नं. ६०१६५३४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 133 | 27 | 2000 | ७२०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौं मितिः २०८० जेष्ठ ३१ गते (14th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Tenduli International Employment Service Pvt. Ltd.** Govt. License 304/059/60
P.o.Box: 10943, New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977 1-5919243, 977 1-4568734
Fax: +977-1-4460562, Mobile: +9779823237412, 9851083996, +9779818119591
Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SUMMIT DIRECTION FOR INDUSTRY

पूर्व स्वीकृति मिति २०८०/०२/२३ LT. No. 287193 चलानी नं. ६०२०२६८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load And Unload Workers | 99 | 0 | 1000 | ३५,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ३१ गते (14th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pashupati HR Solution Pvt. Ltd.**
श्रम ईजाजत नं. १४००/०७४/०७५
Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454
www.pashupatihr.com.np

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : PATISSERIE SUUSSE

पूर्व स्वीकृति मिति २०७९/०९/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२३ LT. No. 278259 चलानी नं. ६०१९३९४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 1 | 0 | 1700 | ६१,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ३१ गते (14th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम इजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : JOINT POWER AUTOMOTIVE WLL

पूर्व स्वीकृति मिति २०८०/०२/२३ LT. No. : 287373 चलानी नं. ६०२०२६८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1700 | ६१,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gateman | 2 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 3 | Labour | 5 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 4 | Technician | 1 | 0 | 1100 | ४०,०४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ३१ गते (14th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०९५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

# माओवादीले फिर्ता लियो कोशी सरकारलाई दिएको समर्थन

**विराटनगर (प्रस)**– नेकपा माओवादी केन्द्रले कोशीमा प्रदेशमा नेकपा एमाले नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ ।

माओवादी केन्द्र कोशी प्रदेशका संसदीय दलका नेता इन्द्रबहादुर आंबोले मुख्यमन्त्री हिक्मतकुमार कार्की नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको जानकारी दिए । केन्द्रीय गठबन्धनमा आएको फेरदलको कारण आफूहरूले समर्थन फिर्ता लिएको उनले बताए ।

मंगलबार बसेको माओवादी केन्द्रको संसदीय दलको बैठकले सरकारलाई दिएको समर्थन फिर्तासँगै माओवादी केन्द्रबाट सरकारमा सहभागी दुई मन्त्री फिर्ता बोलाउने निर्णय गरेको थियो । सोही निर्णयका आधारमा पर्यटन, वन तथा वातावरणमन्त्री जीवन आचार्य र भौतिक पूर्वाधार विकासमन्त्री दुर्गाप्रसाद चापागाईंले राजीनामा दिएका हुन् ।

आंबोले वर्तमान सरकार र राजनीतिक दलकै सहमतमा प्रदेश नामकरण भएपनि पहिचान पक्षधरले उठाएको मागप्रति प्रदेश सरकारले कुनै चासो नराखेकाले समर्थन फिर्ता लिइएको बताए ।

नेता आंबोले मुख्यमन्त्री हिक्मतकुमार कार्कीले पहिचानवादीसँग वार्ता गर्न आह्वान गरे पनि वार्ता टोली गठन नगरेको र पहिचानवादीलाई बेवास्ता गरेको आरोप लगाए । 'सरकारले पहिचानवादीको आन्दोलन र मागलाई बेवास्ता गरेको छ, सम्मान गरेको छैन,' उनले भने ।

# सुनकोशीमा बेपत्ता गाडी र दुई जनाको शव फेला



■ प्रभाव संवाददाता

**सिन्धुली–** गोलञ्जोर गाउँपालिका-७ लौकुनस्थित सुनकोशी नदीमा खसेर बेपत्ता सिटिइभिटीका कर्मचारी चढेको गाडी र दुई जनाको शव सशस्त्र प्रहरी बल नेपालको गोताखोरले मंगलबार फेला पारेको छ । एक जना भने अझै बेपत्ता रहेका छन् । उनको खोजी कार्य जारी रहेको छ ।

सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारबाट सशस्त्र प्रहरी निरीक्षक सुवास थापाको कमाण्डमा खटिएको गोताखोरले गाडी भेटाएर नदीबाट बाहिर निकालेका हुन् । मंगलबार भेटिएकाहरूमा शव तनहुँ जिल्लाको भानु नगरपालिका-९ बस्ने सिटिइभिटीका प्रशासन शाखाका निर्देशक ५७ वर्षीय कृष्ण केसी र इलामको सूर्योदय नगरपालिका-५ बस्ने ३२ वर्षीय विद्युत् प्रशिक्षक भानु पौडेलको हो । पूर्वी नवलपरासी जिल्लाको प्रगतिनगर नगरपालिका ७ बस्ने योजना महाशाखाका निर्देशक ५६ वर्षीय यमप्रसाद भुर्तेल अझै बेपत्ता छन् ।

सो दुर्घटनाबारे जानकारी पाएलगत्तै सशस्त्र प्रहरी बल नेपाल नम्बर २० विपद् उद्धार गण सिनामंगल काठमाडौं र उक्त तालिम शिक्षालयबाट गोताखोर टोली खोजीकार्यका लागि खटिएको थियो । प्रदेश नम्बर ३-०१-००२ झ ४९८५ (इम्बोस्ड नम्बर बिएबी ७४६७) को स्कोर्पियो गाडी जेठ १९ गते शुक्रबार भक्तपुरबाट खोटाङ जाने क्रममा घुर्मी-खुर्कोट सडकखण्डअन्तर्गत सो ठाउँमा सुनकोशी नदीमा खसेको थियो । दुर्घटनापश्चात् गाडीका चालक कृष्ण चौधरी घाइते अवस्थामा आफैं पौडिएर नदीबाट बाहिर निस्कन सफल भएका थिए ।


## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस Himalayan Valley Nepal Pvt.ltd. (ई.प.नं.१५२६/०७४/०७५)मा कार्यरत Mabendra Tumbahangphe/PRO (Citizenship No. 848) ले आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम इजाजत नं. १५२६/०७४/०७५

**Himalayan Valley Nepal Pvt.Ltd.**
Gausala-9, Kathmandu, Nepal, Tel: +977-1-4110403, 4110453
Mobile: 981-0526239,981-3135331, 9845991195, 9803852898, 9826643692
E-mail : hvnepal75@gmail.com, hvnepal2023@gmail.com, Web: www.hvnepal.com



## मोतियाही सा.व.उ.स. त्रियुगा नगरपालिका-२ र १३ उदयपुरको काठ, दाउरा लिलाम विक्री सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/०२/२४

श्री सगरमाथा आन्तरिक विमानस्थल निर्माणको क्रममा यस समूहको वनक्षेत्रमा कटान मुछान भई विमानस्थल निर्माण स्थलमै घाटगद्दी भएका लट नम्बर १ देखि २१ सम्मका साल गोलिया थान १४३१ को ११३६५.९० क्यूफिट, अन्य जातको गोलिया थान १०८७ को १२६८२.७६ क्यूफिट, बल्लाबल्ली थान १४३१ को ४९२२.९० क्यूफिट तथा लट नम्बर ५२, ५३, ५४ र ५५ का साल जातका ३६ चट्टा दाउरा र लट नम्बर ६२ र ६३ का अन्य जातका १७.५ चट्टा दाउरा समूह बाहिर विक्रि वितरण गर्नु पर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक भ्याटमा दर्ता भएका र वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएका काष्ठ उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्म बोलपत्र खारिद गरि २२ औं दिनको दिन रित पूर्वक शिलबन्दी बोलपत्र दाखिला गर्न हुन अनुरोध छ । विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIADA COMPANY FOR CLEANING AND MAINTENANCE COMPANY ONE PERSON
पूर्व स्वीकृति मिति २०७९/१०/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२३ LT. No. 280733 चलानी नं. ६०१९६१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 28 | 0 | 1000 | ३५,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HUSSAIN AL HABABI TRADING COMPANY
पुर्व स्वीकृति मिति २०७९/१२/२७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२३ LT No.284371 चलानी नं. ६०१९९८१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Labour | 4 | 0 | 1000 | ३५,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MASHREQEEN TRANSPORT COMPANY
पूर्व स्वीकृति मिति : २०७९/१२/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२३ LT. No. 283403 चलानी नं. ६०१९८८५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 12 | 0 | 1800 | ६३,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SALEH SALMAN SALEH AL AABID AGRICULTURAL FARM
पूर्व स्वीकृति मिति २०७९/११/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२३ LT. No. 281727 चलानी नं. ६०१९७२७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nursery Worker | 1 | 0 | 1000 | ३५,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३१ गते (14th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम इजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SAFARI COMPANY
पूर्व स्वीकृति मिति २०८०/०२/२३ LT. No.287396 चलानी नं. ६०२०२७००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 100 | 0 | 1000 | ३५,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

कम्पनी: A T V A TECHNICAL AND CLEANING SERVICES LLC
पुर्व स्वीकृति मिति २०८०/०२/२३ LT. No.287189 चलानी नं. ६०२०२६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Engineer | 1 | 0 | 2200 | ७८,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Human Resource Manager | 1 | 0 | 2500 | ८९,३३० | | | | | | | |
| 3 | Cleaning Supervisor | 1 | 0 | 1500 | ५३,५९५ | | | | | | | |
| 4 | Security Guard | 1 | 0 | 1200 | ४२,८८० | | | | | | | |
| 5 | Tile Layer | 2 | 0 | 900 | ३२,१६० | | | | | | | |
| 6 | Air Conditioning Mechanic | 2 | 0 | 1000 | ३५,७३० | | | | | | | |
| 7 | Bricklayer Assistant | 2 | 0 | 900 | ३२,१६० | | | | | | | |
| 8 | Painter Assistant | 4 | 0 | 900 | ३२,१६० | | | | | | | |
| 9 | Window Cleaner | 4 | 0 | 900 | ३२,१६० | | | | | | | |
| 10 | Cleaner | 9 | 0 | 900 | ३२,१६० | | | | | | | |
| 11 | Chemical Processing Plant Contoller | 1 | 0 | 1000 | ३५,७३० | | | | | | | |
| 12 | Operation Manager | 1 | 0 | 1800 | ६४,३१५ | | | | | | | |

कम्पनी: ORIGINAL TASTE
पूर्व स्वीकृति मिति २०८०/०२/२३ LT. No.287394 चलानी नं. ६०२०२७००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKERr | 1 | 0 | 1000 | ३५,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३१ गते (14th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ६१९/०६३/०६४
**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MASAHA CLEANING SRVICE LLC
पूर्व स्वीकृति मिति : २०८०/०२/२३ LT. No. 287350 चलानी नं.६०२०२७०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 900 | ३२,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३१ गते (14th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**SR GROUP NEPAL PVT.LTD**
श्रम इजाजत नं. १२५९/०७४/०७५
Bhimsengola, Old Baneshwor, Kathmandu, Nepal
Tel. No. +977-1-4480472/4495335, Fax: +977-1-4489971 P.O. Box: 21269



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YUANSHENG FURNITURE SDN.BHD
पूर्व स्वीकृति मिति:२०७९/०५/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२३ LT. No. 270064 चलानी नं. ६०१८५९१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 19 | 0 | 1500 | ४३,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३१ गते (14th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १००४/०६८/०६९
**Nepal Recruitment Consultancy Pvt. Ltd.**
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585649/ 4585648/ 4585647



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHAPATI RASHID RESTAURANT
पूर्व स्वीकृति मिति २०८०/०२/२३ LT. No. 287312 चलानी नं. ६०२०२६५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Casher/receptionist | 3 | 0 | 120 | ५१,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook/chef Assistant. | 3 | 0 | 120 | ५१,५३० | | | | | | | |
| 3 | Sandwich Maker | 3 | 0 | 120 | ५१,५३० | | | | | | | |
| 4 | Waiter/helper/indoor Worker | 5 | 0 | 110 | ४७,२३५ | | | | | | | |

कम्पनी : OUR COUNTRY'S ZATTAR BAKERY COMPANY
पूर्व स्वीकृति मिति २०८०/०२/२३ LT. No. 287310 चलानी नं. ६०२०२६४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Asst./assistant Chef/assistant Cook | 4 | 0 | 120 | ५१,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bakery Cook/chef/preparer | 4 | 0 | 150 | ६४,४१० | | | | | | | |
| 3 | Cashier/clerk/teller | 4 | 0 | 150 | ६४,४१० | | | | | | | |
| 4 | Cleaner Indoor/restaurant Worker/steward | 8 | 0 | 85 | ३६,५०० | | | | | | | |

कम्पनी : MASTER HOUR BEAUTY SALON COMPANY
पूर्व स्वीकृति मिति २०८०/०२/२३ LT. No. 287313 चलानी नं. ६०२०२६५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Stylish / Hairdresser | 0 | 1 | 150 | ६४,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure/pedicure/nail Technician | 0 | 1 | 150 | ६४,४१० | | | | | | | |
| 3 | Salon Worker/cleaner | 0 | 2 | 90 | ३८,६४५ | | | | | | | |

कम्पनी : KUWAIT ARAB NEW LADIES BEAUTY SALON CO
पूर्व स्वीकृति मिति २०८०/०२/२३ LT. No. 287304 चलानी नं. ६०२०२६३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician Assistance / Beautician / Salon Worker | 0 | 10 | 160 | ६८,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dresser / Helper | 0 | 10 | 160 | ६८,७०५ | | | | | | | |
| 3 | Nail Technician/manicure/pedicure | 0 | 10 | 160 | ६८,७०५ | | | | | | | |

कम्पनी : DEVA NATIONAL HEALTH INSTITUTE FOR WOMEN
पूर्व स्वीकृति मिति २०८०/०२/२३ LT. No. 287306 चलानी नं. ६०२०२६४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 22 | 100 | ४२,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 0 | 2 | 130 | ५५,८२५ | | | | | | | |

कम्पनी : HK COMPANY FOR THE MANAGEMENT OF SPECIALIZED MEDICAL CENTERS.
पूर्व स्वीकृति मिति २०८०/०२/२३ LT. No. 287309 चलानी नं. ६०२०२६४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A/C Techinician | 20 | 0 | 150 | ६४,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : VANILLA LADIES BEAUTY SALON COMPANY.
पूर्व स्वीकृति मिति २०८०/०२/२३ LT. No. 287308 चलानी नं. ६०२०२६४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser/nail Technician/manicure/pedivure/salo | 0 | 2 | 140 | ६०,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAWARMA SHARIF RESTAURANT COMPANY
पूर्व स्वीकृति मिति २०८०/०२/२३ LT. No. 287305 चलानी नं. ६०२०२६३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF HELPER/CHEF ASSISTANT /COOK | 5 | 0 | 130 | ५५,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TLEG WASH AUTO ACCESSORIES CO
पूर्व स्वीकृति मिति २०७९/०३/१ पून स्वीकृति मिति २०८०/०२/२३ LT. No. 264964 चलानी नं. ६०१८११८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | mechanic | 2 | 0 | 180 | ७७२९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker | 5 | 0 | 90 | ३८६५७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३१ गते (14th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075
**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## ऋण चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना

प्रकाशित मिति :२०८०।०२।२४

यस **ताम्रेश्वर वचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट** तपसिलमा उल्लेखित ऋणीहरुले लिएको ऋणको साँवा तथा व्याज यस संस्थासँग भएको शर्त सम्झौता बमोजिम समयमा तिर्नु बुझाउनु पर्नेमा पटक पटक लिखित एंव मौखिक रुपमा ऋणी तथा धनजमानीलाई तरताकेता गर्दा समेत तिर्नु बुझाउनु पर्ने बक्यौता रकम नतिरी नबुझाई ऋण सम्बन्धी शर्तको उल्लघंन गर्नुका साथै यस संस्थाको ऋण चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुँदा आफुले लिएको ऋण र अन्य बक्यौता रकम समेत चुक्ता फछ्र्यौट गरिदिन ऋण धितो सुरक्षण लेखिदिने तथा व्यक्तिगत धन जमानीदिने व्यक्तिहरुलाई समेत यसै सूचना द्वारा जानकारी गराईएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतिस**) **दिन भित्र** यस ताम्रेश्वर वचत तथा ऋण सहकारी संस्था लिमिटेडमा सम्पर्क राखि आफुले लिएको कर्जाको सम्पूर्ण साँवा, व्याज, बक्यौता रकम तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तानि गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित म्याद भित्र यस संस्थाबाट लिएको कर्जाको साँवा, व्याज तथा अन्य बक्यौता रकम चुक्ता भुक्तानि नगरे ऋणी, सुरक्षण लेखाईदिने र जमानि दिने समेतसँग भएको शर्त सम्झौता, कबुलियत र तमसुक बमोजिम, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम ऋण असुल उपर गरिने व्योहरा जानकारीको लागि यो सूचना सार्वजनिक गरिएको छ ।

तपसिल

| ऋणीको बिबरण | जमानी दिनेको बिबरण |
|---|---|
| गोपीकृष्ण भट्टराई को नाति बिश्वराज भट्टराई को छोरा भोजपुर जिल्ला भुल्के गाविस वार्ड नं ४ बस्ने (ना. प्र. नं २३७२१९२८ भोजपुर जारी मिति २०५६।०३।२०) वर्ष ४२ को **आनन्द भट्टराई** | क. ऋषेश्वर पौडेल को नातीनि हरी प्रसाद पौडेल को छोरी धादिङ जिल्ला नालाङ गाविस वार्ड नं ६ बस्ने (ना. प्र. नं ४२८७३) बर्ष ४२ को **कल्पना पौडेल**<br>ख. खड्ग बहादुर बस्नेतको नाती काली बहादुर बस्नेत को छोरा मोरङ जिल्ला सिजुवा गाविस वार्ड नं ५ बस्ने (ना. प्र. नं १०३९५ मोरङ) बर्ष ३८ को **मान बहादुर बस्नेत** |
| **ऋणीको बिबरण** | **धितोको बिबरण** |
| पदम नाथ मेयीङवा को नातिनी अकल बहादुर मे यीङवाको छोरी पांचथर जिल्ला सिदिन गाविस वार्ड नं ५ बस्ने (ना प्र नं ७३-४२८१ पांचथर जारी मिति २०५८।०१।१८) वर्ष ४४ को **गौमाया लिम्बु** | यातायात ब्यावश्था कार्यालय ललितपुरमा दर्ता रहेको इन्जिन नं F8BIN-2523631 च्यासिस नं SB308IN-1818264 दर्ता नं बा ४ च ४२६८ को मारुती कम्पनीको निजि कार |

**ताम्रेश्वर बचत तथा ऋण सहकारी संस्था लि.**
**Tamreshwor saving and Credit Co-operative Ltd.**
जयबागेश्वरी ८ काठमान्डौं
फोन नं. ०१-४५८७४९५
Email- tamreshwor3014@gmail.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## गफ गर्ने थलो बन्दै संसद्

पछिल्ला दिनहरूमा संसद् गफ गर्ने थलोमा परिणत हुन थालेको छ । सोमबारमात्र भारतले पठाएको भैंसीका कारण तातेको संसद् मंगलबार बजेटको विषयमा केन्द्रित थियो । सदनमा प्रतिपक्षी सांसदहरूको प्रश्न करको दर हेरफेर गर्न अर्थ मन्त्रालयमा अनधिकृत व्यक्तिको प्रवेशबारे केन्द्रित रह्यो । सदनमा बजेट पेस गरेपछि यसबारे प्रतिपक्षी दलले केही कुरा निकालेनन् । बरु ब्युँताएको सांसद विकास कोषले उनीहरूको मुख टालिए । यही पाँच करोडले मुख टालिएपछि सांसदहरूले बजेटको आलोचना गर्ने कुरा पनि भएन । यसैबारे सदनदेखि सामाजिक सञ्जालमा जनताले प्रश्न सोध्न थाले सांसदलाई ।

जनप्रतिनिधिका रूपमा हेरिएका सांसदहरू भने चुपचाप । यही मेसोमा एउटा समाचार आयो, करको दर हेरफेरका लागि अर्थमन्त्री डा. प्रकाशशरण महतले अनधिकृत व्यक्ति बजेट निर्माणको बेला अथ मन्त्रालयमा छिराएको भन्दै । विपक्षीलाई के निहुँ पाउँ कनिका बुक्याँऊ भइरहेको थियो । यही विषयमा सदनमा बुरुक्क उफ्रन थाले सांसद । अझ प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्षलेसमेत यस विषयमा प्रश्न गर्न बाँकी राखेनन् । सरकारले यसपटक धेरै कमाउनेहरूको कमाइमा कर बढाएको छ । यसैगरी विद्युतीय सवारीमा पनि कर थपेको छ । खाने तेलदेखि बियरमा पनि कर बढेको छ । बजेट प्रस्तुत भएको दिन विपक्षी सांसदहरूले बढेको करबारे केही बोलेनन् । अझ संसद्मा यही बढेको करबारे बहस हुनुपर्ने हो । आर्थिक मन्दी छँदै छ त्यसमाथि खाने तेलमा बढेको करले सर्वसाधारण मर्कामा पर्ने नै भए । अझ विद्युतीय गाडीलाई प्रोत्साहन गर्ने भन्ने अनि कर बढाउने, यो विषयमा जनप्रतिनिधिले मुद्दा उठाउनुपर्ने हो । बजेटमा यी विषयमा छलफल गरेर संशोधन गर्न बाध्य बनाउनुपर्ने हो ।

तर पूर्वप्रधानमन्त्रीजस्तो व्यक्तिले विषयान्तर गर्दै एउटा कर्मचारीमाथि आशंका जनाउनु आफैंमा अचम्म लाग्दो कुरा हो । के यी विषयमा कर बढाउँदा ती कर्मचारीलाई फाइदा पुग्ला ? पक्कै पनि बढेर आएको कर सरकारको राजस्वमा जाने हो । उनले गरेको कामले राष्ट्रलाई अहित गर्छ भने तुरुन्त उनलाई हटाउनुपर्ने र संसदीय छानविन समिति पनि गठन गर्नुपर्छ । तर, उनले गरेको काम सरकारको राजस्व बढाउने खालको छ भने किन यो विषयमा विवाद बढाइरहने ? निर्वाचन क्षेत्रमा पैसा पाएपछि मख्ख परेका सांसदले बजेटका नकारात्मक पक्षमा केही बोल्न सकेका छैनन् । बरु यस्तै 'गफ' गरेर बजेट पारित गर्नेतिर लागेका देखिन्छन् ।

## मनन्योग्य

### चाणक्य नीति

मगधका लागि म आफै राजाको खोजी गर्नेछ । चाणक्यले दिएको बुद्धिले नै त्यो राजाले शासन गर्छ । चाणक्य यी सबै सोच्दै थिए । साप्ताहिक समीक्षाको कारवाही सुरु भयो। उनले देख दरबारिया मन्त्रीगण कसरी राजाको चाटुकारी गरिरहेछन् ।

यो देखी चाणक्यको रिस सीमाबाहिर भयो । क्रोधपूर्ण भई सभाका बीचमै उनी उत्रिए । यसरी रोषमा आएका, सफा धोती फेरेका, सेतो सफा कपडा काँधमा राखेका काला रंगका, अगाडिका दुई दाँत भाँचिएका अग्लो र दुब्लो शरीर, निधारमा त्रिपुण्डक धारण गरेका कपालविनाको शिर तर दुप्पी खुला पारेका, घाँटीमा रुद्राक्षमाला, काँधमा जनै ढल्दै गएको यौवन, एक साधारण ब्राह्मण तर मुखमा विद्वत्ताको प्रचण्ड तेज भएका यस्ता अज्ञात ब्राह्मण बीच सभामा आएको देख्दा सबै झस्किए ।

चाणक्यलाई देखेर महापद्म नन्द राजा झस्किए । तर, उनले सम्हालिएर भने- "के कुरा हो ब्राह्मणदेवता । तपाई को हुनुहुन्छ कहाँबाट आउनुभयो ?" चाणक्यले क्रोधपूर्ण स्वरमा जवाफ दिए- "राजा नन्द ! म को हुँ यो त पछि समयले बताउनेछ, तर म तक्षशिलाबाट आएको हूँ, मेरो जन्म यही मगध देशमा भएको हो, आम्भीले आत्मसमर्पण गरेको देखी यहाँ आएको थिएँ ।

सिकन्दरले मगध पनि आफ्नो अधीनमा नपारोस् उसलाई ईश्वरले व्यासबाटै फिर्ता गरे, तर देख्दछु नशा र सुन्दरीमा मदान्ध मगधदेशको राजा लर्खराउने खुट्टाले त्यो आँधीको सामना गर्न के सक्दथ्यो । राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन । छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? क्रमशः

# विपद्, विनाश र विकासबीचको अन्तरसम्बन्ध



श्रीरामसिंह बस्नेत

प्रत्येक विपद्ले हरेक व्यक्ति, परिवार, समुदाय र सरकारलाई केही न केही महत्वपूर्ण पाठ सिकाएर जान्छ । पाठ सिकाउनु एउटा कुरा हो, त्यो पाठलाई आत्मसात् गरी आफ्नो कार्यशैलीमा परिवर्तन ल्याउनु र विपद्सँग सामना गर्ने क्षमता अभिवृद्धि गर्नु अर्को कुरा हो । त्यसैले भूकम्पलगायत सबै किसिमका विपद्सँग सामना गर्ने क्षमता विकास गर्न गोरखा भूकम्पले सिकाएको पाठलाई सबै पक्षले आत्मसात् गरी कार्यक्षेत्रमा सक्रिय रहनु नेपालका सम्पूर्ण समुदायको सुरक्षित भविष्यका लागि अपरिहार्य छ ।

विपद्ले विनाशमात्र गर्दैन, विकासका लागि नयाँ ढोका पनि खोल्छ । विश्वका विभिन्न भागमा अहिलेसम्म भएका अनेकौं प्राकृतिक विपद्को इतिहास हेर्ने हो भने यो तथ्य प्रमाणित भएको पाइन्छ । चाहे नेपालको वि.सं. १९९० को महाभूकम्प होस् वा सन् १९९५ मा जापानको कोबे भूकम्प वा सन् २००१ मा भारत गुजरातको भुजको विनाशकारी भूकम्प होस्, त्यो विपद्पछिको पुनर्निर्माणले ती स्थानको काँचुली नै फेरिदिएको सर्वविदितै छ । वि.सं. २०७२ वैशाख १२ गते नेपालमा आएको ठूलो भूकम्पले पनि विनाश र वियोगका साथसाथै नवनिर्माणको अवसर पनि जुटाइदिएको सबैले अनुभूति गरेका छन् ।

सामान्यतया विपद्का तीन चरण हुन्छन्- विपद्पूर्व (प्रि-डिजास्टर), विपद् भइरहेको अवस्था (डचुरिङ डिजास्टर) र विपद्पश्चात् (पोस्ट-डिजास्टर) । विपद्पूर्वको चरण मूलतः पूर्वतयारीको चरण हो । सम्भावित विपद्बाट हुनसक्ने जनधनको क्षतिलाई सकेसम्म न्यूनीकरण गर्नु गराउनु नै यो चरणको मुख्य लक्ष्य हो । हाम्रो देश विपद् पूर्वतयारीका लागि त्यति सवल नरहेको वि.सं. २०७२ को भूकम्पमा प्रत्यक्ष अनुभव भयो । यो चरणमा बुद्धि र विवेक नपुऱ्याउँदा कति हृदयविदारक क्षति भोग्नुपर्छ भन्ने दृष्य चार महिनाअघिमात्र टर्कीको भूकम्पमा देखियो । वि.सं. २०७२ को गोरखा भूकम्पमा झण्डै नौ हजार व्यक्तिले जीवन गुमाए भने २२ हजारभन्दा बढी घाइते भए । पूर्वतयारी सवल भइदिएको भए त्यो संख्या निकै घटाउन सकिन्थ्यो ।

दोस्रो चरण अर्थात् विपद् भइरहेको अवस्थाको दृष्टिले २०७२ को भूकम्पलाई लेखजोखा गर्दा केही मिश्रित स्थिति पाइन्छ । विशेषगरी सुरक्षाकर्मी, स्वास्थ्यकर्मी र सञ्चारकर्मीले त्यस अवस्थामा निर्वाह गरेका आफ्ना पेसागत कर्तव्यको जति प्रशंसा गरे पनि कमै हुन्छ । वैशाख १२ को मुख्य भूकम्प र त्यसपछिका साना ठूला परकम्पहरूको लगातार सन्त्राशका बीच भूकम्प प्रभावित स्थानहरूमा कार्यरत यी तीन पेसाकर्मीले गरेका कामको देश, विदेशमा चर्चा बटुलेको थियो । यो चरण वास्तवमा उद्धार र राहतमा केन्द्रित भएर काम गरिने चरण हो । त्यसका लागि सम्बन्धित निकाय र जिम्मेवार पदाधिकारीबीच चुस्त र प्रभावकारी समन्वय, समझदारी र सहकार्य अनिवार्य हुन्छ । तर हामी कहाँ त्यसमा कमीकमजोरी देखियो । फलस्वरूप कहीँ राहत सामग्रीको थुप्रो लागेको, कहीँ भने केही पनि नपुगेको गुनासो धेरै आयो । विदेशबाट आएका उद्धार टोलीहरूले आफ्नो साथमा ल्याएका अत्याधुनिक उपकरणहरूको प्रयोग गरे तर नेपालको उद्धार टोली भने त्यस्ता उपकरणको व्यवस्था नहुँदा साभेल, पिककै भरमा उद्धार कार्यमा जुटिरहेको बाध्यात्मक दृष्य पनि देखियो ।

विपद्को तेस्रो चरण अर्थात् विपद्पश्चात्को चरण मुख्यतया पुनःस्थापना र पुनर्निर्माणका कार्यमा केन्द्रित रहन्छ । गोरखा भूकम्पपछि भूकम्पपीडितको पुनःस्थापना र पुनर्निर्माणका लागि धेरै महत्त्वपूर्ण काम भए । पुनर्निर्माणसम्बन्धी ऐन ल्याउन र पुनर्निर्माण प्राधिकरण गठन गर्नमा केही विलम्ब भए पनि यसले काम सुरु गरेपछि लगातार छ वर्षमा धेरै महत्त्वपूर्ण कार्य सम्पन्न गरेको पाइन्छ । यद्यपि, प्राधिकरणले आफ्नो अवधि पूरा गरिसकेपछि पनि अधुरा कार्य नेपाल सरकारको सम्बन्धित निकायमार्फत अझै जारी नै छ ।

पुनर्निर्माणका मुख्य तीन क्षेत्र थिए- व्यक्तिगत आवास, सम्पदास्थल र सरकारी संरचना । भूकम्पको चपेटामा परी छ लाखभन्दा बढी घर पूर्णक्षतिग्रस्त भएका थिए भने करिब दुई लाख ८५ हजार घर आंशिक क्षति भएका थिए । पूर्णक्षतिग्रस्त घरलाई तोकिएको मापदण्डअनुसार पुनर्निर्माण गराउन सरकारले घरधनीलाई तीन लाख रूपैयाँ अनुदान दिएको थियो भने आंशिक क्षति भएकालाई एक लाख रूपैयाँ । यो अनुदानले पुनर्निर्माणको अभियान चलाउन धेरै ठूलो काम गऱ्यो ।

केही नीतिगत अन्योल रहे पनि निजी आवास पुनर्निर्माणमा नेपालको प्रयास धेरै हदमा सफल रहेको भनी स्वदेश र विदेशमासमेत सराहना भएको पाइन्छ । यसको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि भनेको पुनर्निर्मित सबै घर भूकम्प सुरक्षा प्रविधि अपनाएर निर्माण गरिनु हो । गाउँ होस् वा सहर पुनर्निर्मित घर पहिलाको दाँजोमा धेरै वैज्ञानिक र भूकम्पीय दृष्टिकोणले सुरक्षित बनेका छन् ।

देशभरमै भवन निर्माण संहिताको महत्त्व व्यवहारमै स्थापित गराउन सरकार सफल भएको छ । पुनर्निर्मित घरका कोठा अलि साना भए भन्ने गुनासो सुनिन्छ । सुरुमै नीतिगत स्पष्टता भइदिएको भए सायद यो गुनासो आउँदैन थियो । आफ्नो नाममा जग्गाधनी पुर्जा नभएको कारण अनुदान पाउन नसकेका भूकम्पपीडितका गुनासो पनि सुनियो भने रु तीन लाख नगद पाउँदा पनि अशक्तता र परिवारमा सक्रिय उमेरको कोही पनि नभएको कारण घर बनाउन असमर्थ रहेका असहाय पीडित पनि भेटिए । यस्ता विशेष वर्गलाई विशेष व्यवस्था गरेर सुरक्षित आवास उपलब्ध गराउनु राज्यको दायित्व हो ।

गोरखा भूकम्पले सम्पदास्थलमा पनि धेरै क्षति पुऱ्याएको थियो । विश्वसम्पदा सूचीमा ससम्मान सूचीकृत सम्पदास्थल भूकम्पको चपेटामा परे । विशेषगरी काठमाडौं उपत्यकाभित्रका सम्पदास्थलमा धेरै क्षति पुगेको थियो । हनुमानढोका क्षेत्र, स्वयम्भूनाथ क्षेत्र र टोखाका सम्पदामा पूर्ण क्षति भएका थिए भने पशुपतिनाथ क्षेत्रमा विश्वरूप मन्दिरमा पूर्णक्षति र अन्य स्थलमा आंशिक क्षति पुगेको थियो । यसैगरी त्रिपुरेश्वर, पचली, कीर्तिपुर, धर्मस्थली, इचंगु आदि स्थानका सम्पदामा केहीमा पूर्ण र धेरैजसोमा आंशिक क्षति पुगेको थियो ।

पूर्णक्षति भएका महत्त्वपूर्ण ऐतिहासिकस्थलमा धरहरा, रानीपोखरीको बालगोपाल मन्दिर र काष्ठमण्डप पुनर्निर्माणमा धेरैको चासो भएकाले विशेष चर्चित रहे । ललितपुर र भक्तपुरका दरबार क्षेत्रका केही सम्पदामा भूकम्पले गम्भीर क्षति पुऱ्याएको थियो भने धेरै स्थल आंशिक क्षतिमा परेका थिए । उपत्यकाबाहिर विशेषगरी सिन्धुपाल्चोक, दोलखा र गोरखाका केही सम्पदा स्थलमा पनि भूकम्पले क्षति पुऱ्याएको थियो । अत्यन्त सीमित साधन र स्रोत भए पनि स्थानीय जनसमुदाय, जनप्रतिनिधि संस्था, पुरातत्त्व विभाग, पुनर्निर्माण प्राधिकरण र अन्तर्राष्ट्रिय दातृ समुदायको सक्रियतामा अधिकांश सम्पदास्थलको पुनर्निर्माण कार्य पूरा भइसकेको छ भने केही जारी छ । ऐतिहासिक सम्पदाको संरक्षण र सम्वर्द्धनमा चासो राख्ने स्वदेश र विदेशका सबै व्यक्ति र संस्थाका लागि नेपालले प्राप्त गरेको यो सफलता उत्साहजनक हुन गएको छ ।

यसैगरी गोरखा भूकम्पले विद्यालय भवन, स्वास्थ्य उपचार संस्था, सरकारी कार्यालयमा पनि गम्भीर क्षति पुऱ्याएको थियो । भूकम्प प्रभावित विभिन्न जिल्लाका गरी ५७५ सामुदायिक विद्यालय र २१५ निजी विद्यालय भवन पूर्णरूपमा क्षतिग्रस्त भएका थिए । केही कक्षाकोठा मात्र क्षति भएको संख्या २५ हजारभन्दा बढी छन् । साथै अन्य सरकारी कार्यालय भवनमा दुई हजार ६५६ मा पूर्णक्षति पुगेको थियो भने तीन हजार ६२२ मा आंशिक क्षति पुगेको गृह मन्त्रालय, विपद् व्यवस्थापन महाशाखालाई उद्धृत गर्दै विभिन्न सञ्चारमाध्यम र भूकम्पपछि प्रकाशित भूकम्पसम्बन्धी पुस्तकमा उल्लेख गरिएको पाइन्छ ।

कतिपय विद्यालय भवन पुनर्निर्माण भई पहिलाकोभन्दा सुविधा सम्पन्न र आकर्षक देखिएका छन् । गाउँ र सहरका यस्ता क्षतिग्रस्त विद्यालय भवन पुनर्निर्माण गर्नमा विभिन्न मित्रराष्ट्रहरूले देखाएको सदासयता साँच्ची नै सराहनायोग्य छ । ती विद्यालयका विद्यार्थीका लागि त भूकम्प वरदान नै सावित हुन पुगेको छ । तर, ठेकेदारको लापरवाहीले केही विद्यालय भवनको पुनर्निर्माण अझै पूरा हुन सकेको छैन । यसैगरी स्वास्थ्य संस्था र अन्य सरकारी भवनको पुनर्निर्माण केही पूरा भइसकेको छ भने केही निर्माणाधीन अवस्थामा छन् ।

प्रत्येक विपद्ले हरेक व्यक्ति, परिवार, समुदाय र सरकारलाई केही न केही महत्त्वपूर्ण पाठ सिकाएर जान्छ । पाठ सिकाउनु एउटा कुरा हो, त्यो पाठलाई आत्मसात् गरी आफ्नो कार्यशैलीमा परिवर्तन ल्याउनु र विपद्सँग सामना गर्ने क्षमता अभिवृद्धि गर्नु अर्को कुरा हो । त्यसैले भूकम्पलगायत सबै किसिमका विपद्सँग सामना गर्ने क्षमता विकास गर्न गोरखा भूकम्पले सिकाएको पाठलाई सबै पक्षले आत्मसात् गरी कार्यक्षेत्रमा सक्रिय रहनु नेपालका सम्पूर्ण समुदायको सुरक्षित भविष्यका लागि अपरिहार्य छ । *रासस*

पत्र–मञ्जुषा

## सहकारी डुबाएका सञ्चालक आफैं आन्दोलनमा !

सरकारले राम्रो उद्देश्य राखेर सहकारी दर्ता गर्ने अनुमति दियो । एकातिर राज्यलाई कर आउने अर्कोतिर आर्थिकस्तर कमजोर भएकाले ऋण लिएर व्यापार व्यवसाय गर्न पाउने देखेर सरकारले धमाधम सहकारीलाई लाइसेन्स दियो । सहकारी खुल्दा धेरैले रोजगारी पनि पाउने भएपछि सरकारले रोक्ने कुरै भएन । अन्य मुलुकमा सहकारीले धेरै विकास गरेको छ । आर्थिकस्तर कमजोर भएकाको जिन्दगीमा सहकारीले धेरै परिवर्तन ल्याएको छ । देशको अर्थतन्त्रमा पनि सहकारीले टेवा पुऱ्याएका उदाहरण पनि हाम्रै सामु छ ।

यो देखेर नेपाल सरकारले पनि मुलुकमा सहकारी खोल्न दियो । 'टोलटोलमा सहकारी, घरघरमा भकारी' भन्ने अभियानसहित सरकारले नै सहकारी खोल्न प्रोत्साहन गऱ्यो । स-साना व्यापार व्यवसाय गर्न चाहनेलाई विनाधितो जमानीमा ऋण दिने भनेर सरकारले सहकारी दर्ता गर्न दियो । बैंकले धितो खोज्ने भएकाले धेरै व्यक्तिले चाहेर पनि व्यापार व्यवसाय गर्न सकिरहेका थिएनन् । उनीहरूले पनि देशमै कुनै न कुनै रोजगारी गरेर खान पाउनुपर्छ भन्ने सरकारको सोचाइ हो ।

तर, सहकारीहरू ठ्याक्कै त्यसको उल्टो बाटोमा हिँडिदिए । सहकारी खोल्न लाइसेन्स दिनु नै गलत भएछ भन्ने धारणा यतिबेला सरकारमा आएको छ । सहकारीले आर्थिक कमजोर भएकालाई ऋण नै दिएनन् । धितो नभएकाले ऋण नै पाएनन् । जुन उद्देश्यले सरकारले सहकारी दर्ता गर्न दियो, त्यो त पूरा भएन । कृषि क्षेत्रमा सहकारीले एकतिहाइ पनि लगानी गरेनन् । देशमै बसेर केही गर्छु भन्नेलाई त सहकारीले गन्दा पनि गनेनन् । सहकारीको सबै लगानी घरजग्गा, सेयर र गाडीमा मात्र छ ।

सहकारी सही बाटोमा हिँडेको भए आज देशमा मिटरब्याज किन मौलाउथ्यों ? मिटरब्याजका कारण कसैले आत्महत्या गर्नुपर्ने अवस्था आउँथ्यो ? सहकारी खोल्नुको प्रमुख उद्देश्य त गरिबहरूको जीवनस्तरमा परिवर्तन ल्याउनु हो । तर, सहकारीले कतिको जीवनस्तरमा परिवर्तन ल्यायो त ? २०४८ सालपछि देशभर ३५ हजार २३९ वटा सहकारी दर्ता भएका छन् । तर, यत्रा सहकारी हुँदाहुँदै पनि सर्वसाधारण सुदखोरहरूकहाँ जाने क्रम त रोकिएन ।

सहकारी सञ्चालकहरू रातारात धनी बन्नतर्फ लागे । उनीहरूले गरिबको जीवनस्तर उकास्नुको साटो आफू मालामाल बन्नतिर लागे । सहकारी सञ्चालकको आँखामा गरिब जनता त परेनन् । तर, सहकारीले यतिबेला आएर हजारौंलाई रुवाएको छ । सहकारीमा बचत भएकाहरू त सडकछाप भए । बचतकर्ताको अर्बौं पैसा डुब्यो ।

सहकारीले पैसा फिर्ता नदिएपछि कतिपयले आत्महत्याको बाटो रोजेका समाचारहरू निरन्तर बाहिर आइरहेका छन् । आफ्नो पैसाका कारण आफ्नै ज्यान लिनुपर्ने अवस्था सहकारीले बनाइदिएको छ। विगतदेखि नै सहकारीले आफ्नो मनोमानी चलाउँदै आएको थियो । तर, सरकारले नियमनमा कहिले चासो देखाएन । दर्ता गर्न दिएपछि सरकारले आफ्नो जिम्मेवारी सकिएझैं गऱ्यो । जसको फाइदा सहकारीका सञ्चालकले उठाए । उनीहरूले ऋण खानेदेखि बचतकर्ता दुवैलाई सुकुम्बासी बनाएरै छाडे ।

सहकारीका सञ्चालकहरू यतिबेला बचतकर्ता अल्मलाउन लागिपरेका छन् । भाग्ने त भागिहाले, नभागेकाहरू बचतकर्तासँग भन्छन्, 'सबै पुँजी घरजग्गा, सेयर र गाडीमा फ्रिज भएको छ । केही समय दिनुहोस्, पैसा फिर्ता गरिहाल्छौं ।' भाग्ने सुरसार कस्नका निम्ति सहकारी सञ्चालकहरूले बहानाबाजी गरेको स्पष्ट छ । उनीहरूकै भनाइले घरजग्गा, गाडी र सेयरमा पुरै मन्दी आइसकेको प्रमाणित हुन्छ । मालपोत र यातायात कार्यालयमा गएर बुझ्दा पनि यी क्षेत्रको किनबेच पुरै सुकिसकेको पुष्टि हुन्छ ।

बजारमा बुझ्दा ९० प्रतिशत सहकारी चल्नै नसक्ने अवस्थामा पुगिसकेका छन् । उनीहरूले घरभाडा तिरेका छैनन् । कर्मचारीलाई तलब खुवाउन नसकेर तिनको बेहाल छ । बचतकर्ताको निक्षेप फिर्ता गर्न पनि उनीहरूले सकिरहेका छैनन् । यता, बाँकी भएको १० प्रतिशत 'घिटिकघिटिक' अवस्थामा चलिरहेका छन् । यिनीहरू पनि धेरै बेर टिक्न सक्दैनन् । नेपालमा नाम चलेका ठूलठूला सहकारीहरू नै बन्द भइसकेका छन् । कान्तिपुर, शिवशिखर, देउराली, गौतमश्रीलगायत थुप्रै चर्चित सहकारीहरू डुबिसकेका छन् ।

सहकारीका सञ्चालकहरू आन्दोलनमा उत्रिएका छन् । यो केवल उनीहरूको नौटंकीमात्र हो । आफैंले सहकारी डुबाउने, आफैं आन्दोलनमा आउन सुहाउँछ ?

*– अनुप शर्मा, सिनामंगल*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# अलपत्र आयोजना सक्न सरकारको ध्यानाकर्षण

**बलेवा–** बागलुङ जिल्ला समन्वय समितिको दोस्रो जिल्लासभाले अलपत्र परेका मुख्य आयोजना तत्काल पूरा गर्न संघीय र प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ । सभाले मध्यपहाडी लोकमार्गसहित रणनीतिक सडक, अस्पताल, स्वास्थ्यचौकीजस्ता करोडौंका आयोजना समयमा नसक्दा जनताले सास्ती खेप्नुपरेकाले समयमै पूरा गर्न आग्रह गरेको छ ।

जिल्ला समन्वय समितिका प्रमुख अमर थापाका अनुसार सभाले समपूरक कोषमार्फत सञ्चालित धेरै आयोजना संघ र प्रदेशको बजेट निकासा नभएर अलपत्र परेको भन्दै पालिकालाई दोहोरो भार पार्ने काम रोक्न माग गरेको छ । त्यस्तै दक्षिण बागलुङ जाने मालढुंगा कुश्मीसेरा सडकको गलुवा पहिरो नियन्त्रणका लागि बैठकले पहल गरेको छ । राष्ट्रपति शैक्षिक सुधार परियोजनामा निर्माण भएका भवनको रकम निकासा नभएको, काम गर्दा गर्दै बेरुजु आउने समस्या समाधानमा पनि समितिले चासो राखेको हो । सो अनुसार काम अगाडि बढाउने निर्णयसमेत गरेको हो ।

पटक-पटक तेलको मूल्य घट्दा पनि सवारीको भाडादर नघटेको, कच्ची सडक हुँदा भाडादर पक्की बन्दा पनि नघटाइएकोमा सभाले चासो राखेको थियो । सोको कार्यान्वयनका लागि प्रमुख जिल्ला अधिकारी र यातायात व्यवस्था कार्यालयमार्फत पहल गर्ने निर्णय गरिएको समन्वय अधिकारी कृष्णराज गौतमले बताए ।

बैठकमा तमानखोलाको बोङगादोभान बजार र निसीखोला गाउँपालिकाको हुल्दी पहिरो प्रभावित क्षेत्रमा आवश्यक लगानी भित्र्याएर संरक्षणका कार्यक्रम सञ्चालन गर्नुपर्नेसमेत निर्णय गरिएको बताइएको छ ।

बजार क्षेत्रमा देखिने अखाद्य वस्तुको बिक्री वितरणमा कडाइ गर्न जिल्ला अनुगमन समितिलाई निर्देशन दिने, नियमित अनुगमनका लागि पहल गर्ने प्रक्रियासमेत अगाडि बढाउनुपर्ने निर्णय गरिएको हो । जिल्लाभित्रका सरोकार राख्ने विषयमा छलफल गर्नुको साथै बैठकले सबै पालिकालाई तीन दिनभित्र आ-आफ्नो पालिकाभित्रका अलपत्र योजनाको सूचीकरण गर्न पनि निर्देशन दिएको छ ।

उक्त निर्देशनअनुसार अलपत्र परेका योजना कति छन्, कता छन्, कति लगानी भयो, कति आवश्यक छ । काम गर्ने ठेकेदारको विवरण र अहिलेसम्म के कति काम सम्पन्न भएको जानकारी माग गरिएको थापाले जानकारी दिए । *रासस*

# काभ्रेमा विपद् प्रतिकार्य जनशक्ति तयार

**काभ्रे–** जिल्लास्थित नेपाली सेनाको कालीजङ गणले सामुदायिक विपद् प्रतिकार्यका लागि जनशक्ति तयार पारेको छ । काभ्रेपलाञ्चोकका १३ मध्ये १० स्थानीय तहमा चार दिने ८० विपद् प्रतिकार्य जनशक्ति तयार पारिएको हो ।

तालिममा विपद्को परिचय र विपद् व्यवस्थापन चक्र, विपद् प्रतिकार्यका लागि आवश्यक सामग्री, सीप तथा कला, बाढीपहिरो, डुबान, आगलागी जस्ता विपद्का घटनाको दौरान उद्धार गर्ने तरिका, प्राथमिक उपचार, स्थानीय स्रोत-साधनको प्रयोग गरी विपद् प्रतिकार्य गर्ने विधि र विपद्को समयमा आधुनिक उपकरणको प्रयोगका बारेमा जानकारी गराइएको गणका गणपति प्रमुख सेनानी प्रकाशबहादुर सिंहले जानकारी दिए । काभ्रेपलाञ्चोकका अधिकांश भू-भाग पहाडी क्षेत्र, जिल्ला भएर बग्ने तीन ठूला नदी विपद्को हिसाबले जोखिमयुक्त मानिन्छ । यस्तै वर्षायाममा पहिरोको जोखिम, पुराना घर, बजार क्षेत्रमा बाक्लो बस्ती तथा जंगल इलाका धेरै भएकाले हुनसक्ने आगलागीका घटना हुँदै आएको घटनाक्रमले देखाएको छ ।

विपदका घटनामा तत्काल उद्धारकर्मी पुग्न सम्भव नहुँदा कैयौं मानिसको ज्यान जान सक्ने सम्भावनालाई न्यूनीकरण गर्न स्थानीयद्वारा नै प्रतिकार्य गर्नसक्ने क्षमताको विकास गर्न उक्त तालिमको आयोजना गरिएको सिंहले बताए । उनका अनुसार विपद्का क्रममा उद्धारकर्मीको उपस्थितिविना स्थानीयद्वारा 'फस्ट रेस्पोन्डर' का रूपमा स्थानीय युवाको क्षमता अभिवृद्धि गरिएको हो ।

यस्तै प्राथमिक उपचार तथा मेडिकलसम्बन्धी प्रशिक्षण र अभ्यास तथा शिक्षार्थीबाट 'डेमोन्स्ट्रेसन' गरिएको छ । यसअघि गणले गत वैशाख अन्तिम साता काभ्रेपलाञ्चोकस्थित सुनकोशी नदीमा विपद् प्रतिकार्य संयुक्त अभ्यास गरेको थियो । गणले 'मनसुन-३' नामकरण गर्दै अभ्यासमा बगेको र डुबेको, पहिरोमा फसेको व्यक्तिको उद्धार प्रदर्शन गरेको हो ।

यस्तै मनसुनजन्य विपद्बाट जनधनको क्षति हुन नदिन तथा उद्धार तथा खोज कार्यलाई प्रभावकारी बनाउन पूर्वतयारीस्वरूप सुरक्षाकर्मी उद्धारको पूर्वाभ्यास गर्दै आएका थिए । जेठ पहिलो साता काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकका सशस्त्र प्रहरीद्वारा सुनकोशी नदीमा शुक्रबार उद्धारको पूर्वाभ्यास गरेका थिए भने नेपाली सेनाले गत वैशाख अन्तिम साता सोही स्थानमा सोही प्रकृतिको अभ्यास गरेको थियो ।

संयुक्त पूर्वाभ्यासमा सशस्त्र प्रहरी अधिकृत तथा जवानद्वारा बाढीमा बगेको, डुबेको, पहिरोमा फसेको तथा बाढीमै फसेका व्यक्तिलाई उद्धार गरिएको थियो । साथै, प्रहरी आफैं उद्धारका क्रममा बाढीमा फसेको र आफैं जोगिन सफल भएकोसमेत प्रदर्शन गरिएको थियो ।

दुई जिल्ला विपद्को उच्च जोखिममा रहेकाले संयुक्त पूर्वाभ्यास गरिएको जनाइएको छ । यसैबीच जिल्ला विपद् व्यवस्थापन समितिले मनसुनजन्य विपद्बाट क्षति हुन नदिन पूर्वतयारी अवस्थामा रहन काभ्रेका स्थानीय तहलाई निर्देशन दिइसकेको छ ।

समितिले बाढी, डुबान तथा कटान हुनसक्ने जोखिमयुक्त क्षेत्रको पहिचान गर्ने, सम्भाव्य उच्च जोखिममा रहेका बस्तीको पहिचान गरी प्रभावित हुनसक्ने परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरणार्थ सहजीकरण गर्न आग्रह गरेको हो ।

साथै, अत्यावश्यक खाद्य तथा गैरखाद्य सामग्री भण्डारण गर्ने, बाढीको समयमा नदीनालामा माछा मार्ने, पौडी खेल्ने, काठ-दाउरा संकलन गर्नेजस्ता कार्यलाई निषेध गर्ने, महिला, ज्येष्ठ नागरिक, बालबालिका तथा अपांगता भई उच्च जोखिममा रहेका नागरिकको सुरक्षामा विशेष ध्यान दिने, आपत्कालीन प्रतिकार्यका लागि सामग्रीसहित खोज तथा उद्धार कार्यमा तत्काल खट्न सक्नेगरी जिल्लास्थित सुरक्षा निकाय तयारी अवस्थामा राख्न आग्रह गरिएको छ । *रासस*

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७७/१०/१२ मा दर्ता भएको प्रा.लि. नं. २५३७७७ को **टिपिकल क्लोथिङ एन्ड क्राफ्ट स्टोर प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOOD CHOICE TRADING

पूर्व स्वीकृति मिति : २०८०/०२/२२ | LT. No. 287258 | चलानी नं. : ६०२०२६१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 8 | 0 | 1100 | ४०,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Designer | 1 | 0 | 1300 | ४७,३२५ | | | | | | | |
| 3 | Foreman | 9 | 0 | 2500 | ९१,०१० | | | | | | | |
| 4 | Furnit Upholsterer | 19 | 0 | 1500 | ५४,६०५ | | | | | | | |
| 5 | Furnit Wood Worker | 21 | 0 | 1500 | ५४,६०५ | | | | | | | |
| 6 | Labour | 15 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Painter | 2 | 0 | 1100 | ४०,०४५ | | | | | | | |
| 8 | Salesman | 2 | 0 | 1300 | ४७,३२५ | | | | | | | |
| 9 | Supervisior | 9 | 0 | 2500 | ९१,०१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३१ गते (14th June. 2023) मा हुनेछ ।

